प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय**

सानोठिमी, भक्तपुरको

## शैक्षिक शत्र २०७७/०७८ मा डिप्लोमा तथा प्रमाणपत्र तहको पूर्ण शुल्कीय तर्फको आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !

(सूचना प्रकाशित मिति २०७७।०५।२६ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्‌बाट संचालन गरिने डिप्लोमा तथा प्रमाणपत्र तहका तपसिल बमोजिमका शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०७७/०७८ मा परिषद्‌बाट संचालन सम्बन्धन/स्वीकृती पाएका आंगिक, साझेदार, सामूदायिक विद्यालयमा प्राविधिक शिक्षा (TECS) कार्यक्रम र नीजि स्तरमा संचालित शिक्षण संस्थाहरुले परिषद् परीक्षा नियन्त्रण कार्यालयद्वारा जारी गरिएको "डिप्लोमा तथा प्रमाण-पत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७४ (तेश्रो संशोधन)" बमोजिम पूर्ण शुल्कीय तर्फ विद्यार्थी छनौट गर्न योग्यता पुगेका व्यक्तिहरुबाट मिति २०७७ आश्विन १४ भित्र नेपाल सरकारले तोकेको स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गरी विद्युतीय माध्यमबाट रितपूर्वक आवेदन फाराम भर्नु भराउनु हुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. अध्ययन गराइने शैक्षिक कार्यक्रम तथा आवश्यक न्यूनतम शैक्षिक योग्यता**

| क.सं. | अध्यापन गराइने शैक्षिक कार्यक्रम | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १ | प्रमाणपत्र तह नर्सिङ्ग | मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा कम्तीमा द्वितीय श्रेणीमा उत्तीर्ण वा कुल प्राप्ताङ्कमा ४५ प्रतिशत अंक प्राप्त वा एस.एल.सी. उत्तीर्ण भई परिषद् वा त्रिभुवन विश्वविद्यालयबाट यस बमोजिम संचालन हुने कार्यक्रमसंग सम्बन्धित प्राविधिक एस.एल.सी. को कुल पूर्णाङ्कमा क्रमश: ६८.३३ र ६६.६७ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको ।<br><br>अक्षराङ्कन पद्धती लागु भएपछीको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयमा न्यूनतम C ग्रेड प्राप्त गरी समग्र ग्रेड Grade Point Average (GPA) - न्यूनतम 2 प्राप्त । |
| २ | प्रमाणपत्र तह सामान्य चिकित्सा | मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण वा परिषद् वा त्रिभुवन विश्वविद्यालयबाट यस बमोजिम संचालन हुने कार्यक्रमसंग सम्बन्धित प्राविधिक एस.एल.सी. को कुल पूर्णाङ्कमा क्रमश: ६८.३३ र ६६.६७ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण ।<br><br>अक्षराङ्कन पद्धती लागु भएपछीको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयमा न्यूनतम C ग्रेड प्राप्त गरी समग्र ग्रेड Grade Point Average (GPA) - न्यूनतम 2 प्राप्त । |
| ३ | प्रमाणपत्र तह मेडिकल ल्याब टेक्नोलोजी | |
| ४ | प्रमाणपत्र तह डेण्टल साइन्स (डेण्टल हाइजिन) | |
| ५ | प्रमाणपत्र तह डाइग्नोष्टिक रेडियोग्राफी | |
| ६ | प्रमाणपत्र तह सामान्य आयुर्वेदिक चिकित्सा | |
| ७ | प्रमाणपत्र तह अप्थाल्मिक विज्ञान | |
| ८ | प्रमाणपत्र तह अकुपञ्चर | |
| ९ | डिप्लोमा ईन फार्मेसी | |
| १० | प्रमाणपत्र तह फिजियोथेरापी | |
| ११ | डिप्लोमा ईन सिभिल इन्जिनियरिङ्ग | मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण वा परिषद् वा त्रिभुवन विश्वविद्यालयबाट यस बमोजिम संचालन हुने कार्यक्रमसंग सम्बन्धित प्राविधिक एस.एल.सी. को कुल पूर्णाङ्कमा क्रमश: ६८.३३ र ६६.६७ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण ।<br><br>अक्षराङ्कन पद्धती लागु भएपछीको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य गणित र विज्ञानमा न्यूनतम C ग्रेड र अंग्रेजी विषयमा न्यूनतम D+ ग्रेड प्राप्त । |
| १२ | डिप्लोमा ईन इलेक्ट्रिकल इन्जिनियरिङ्ग | |
| १३ | डिप्लोमा ईन इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग | |
| १४ | डिप्लोमा ईन इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग | |
| १५ | डिप्लोमा ईन जिओमेटिक्स ईञ्जिनियरिङ्ग | |
| १६ | डिप्लोमा ईन आर्कीटेक्चर ईञ्जिनियरिङ्ग | |
| १७ | डिप्लोमा ईन मेकानिकल इन्जिनियरिङ्ग | |
| १८ | डिप्लोमा ईन अटोमोबाइल इन्जिनियरिङ्ग | |
| १९ | डिप्लोमा ईन ईन्फरमेशन टेक्नोलोजी( आई.टी.) | |
| २० | डिप्लोमा ईन कम्प्यूटर इन्जिनियरिङ्ग | |
| २१ | डिप्लोमा ईन रेफ एण्ड एसी इन्जिनियरिङ्ग | |
| २२ | डिप्लोमा ईन हाइड्रोपावर इन्जिनियरिङ्ग | |
| २३ | डिप्लोमा ईन मेकाट्रोनिक्स इन्जिनियरिङ्ग | |
| २४ | डिप्लोमा इन एग्रिकल्चर (कृषि (बाली विज्ञान)) | मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण वा परिषद् वा त्रिभुवन विश्वविद्यालयबाट यस बमोजिम संचालन हुने कार्यक्रमसंग सम्बन्धित प्राविधिक एस.एल.सी. को कुल पूर्णाङ्कमा क्रमश: ६८.३३ र ६६.६७ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण ।<br><br>अक्षराङ्कन पद्धती लागु भएपछीको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य अंग्रेजी, गणित, र विज्ञान मध्ये कुनै दुई वटा विषयमा न्यूनतम C ग्रेड र कुनै एक विषयमा न्यूनतम D+ ग्रेड प्राप्त । |
| २५ | डिप्लोमा इन एग्रिकल्चर (कृषि (पशु विज्ञान)) | |
| २६ | डिप्लोमा इन फुड एण्ड डेरी टेक्नोलोजी | |
| २७ | डिप्लोमा इन फरेष्ट्री | |
| २८ | डिप्लोमा इन होटल म्यानेजमेण्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण वा परिषद् वा त्रिभुवन विश्वविद्यालयबाट यस बमोजिम संचालन हुने कार्यक्रमसंग सम्बन्धित प्राविधिक एस.एल.सी. को कुल पूर्णाङ्कमा क्रमश: ६८.३३ र ६६.६७ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण ।<br><br>अक्षराङ्कन पद्धती लागु भएपछीको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयमा न्यूनतम D+ ग्रेड प्राप्त |
| २९ | डिप्लोमा इन इन्टरप्रेनरसिप डेभलपमेण्ट फ्यासिलिटेटर | |
| ३० | डिप्लोमा इन सोसियल वर्कर | |

क) प्राविधिक एस.एल.सी. उत्तीर्णहरुका लागि निर्धारित कोटामा आवेदन फाराम भर्नको लागि नर्सिङ कार्यक्रममा एस.एल.सी. उत्तीर्ण गरी प्रा.एस.एल.सी.मा. तोकिएको प्रतिशत तथा अन्य कार्यक्रममा प्रा.शि.तथा व्या.ता.परिषद् वा त्रिभुवन विश्वविद्यालयद्वारा संचालित यस वमोजीम अध्ययन गर्न चाहेको शैक्षिक कार्यक्रमसंग सम्बन्धित प्रा.एस. एल. सी. मा तोकिएको प्रतिशत प्राप्त गरी उत्तीर्ण गरेको हुनु पर्नेछ ।

ख) यस शैक्षिक सत्रको लागि एस.ई.ई. मा ग्रेड बृद्धिको प्रावधान नभएको हुँदा तोकिएको कार्यक्रमको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता (ग्रेड) पुगेका आवेदकले मात्र आवेदन फाराम भर्न सक्नेछन् ।

**२. पूर्ण शुल्कीय लक्षित बर्ग कोटा**

क) पूर्ण शुल्कीय लक्षित वर्ग कोटा: अपाङ्ग, पूर्व कमैया/हलिया, पिछडिएको दुर्गम क्षेत्र, दलित, महिला, आदिवासी-जनजाती, मुस्लिम, मधेशी र जनआन्दोलन/जनयुद्ध/मधेश आन्दोलनका/द्वन्द पिडित/विस्थापित/बेपत्ता/शहीद परिवार/घाइते वा निजको सन्तती वर्गका लक्षित समूह मध्येबाट तपसिलमा उल्लेख भए बमोजिमको संख्यामा प्रत्येक शैक्षिक कार्यक्रममा पूर्ण शुल्किय लक्षित वर्ग कोटा निर्धारण गरिएकोछ ।

| २० स्वीकृत कोटाको शैक्षिक कार्यक्रममा | ३० स्वीकृत कोटाको शैक्षिक कार्यक्रममा | ४० वा सो भन्दा माथि स्वीकृत कोटाको शैक्षिक कार्यक्रममा |
|---|---|---|
| २ जना | ३ जना | ४ जना |

ख) यस लक्षित वर्गमा सामुदायिक सरकारी वा नीजि विद्यालयहरुमा अध्ययन गरेका परीक्षार्थीहरु सहभागि हुन पाउनेछन् । यस कोटामा परीक्षार्थी छनौट गर्दा उल्लेखित सबै लक्षित वर्गहरु बीच प्रतिष्पर्धा गराई एस.ई.ई. को उच्चतम अंकको आधारमा छनौट गरिनेछ । पूर्ण शुल्किय लक्षित वर्ग कोटामा फाराम भर्ने परीक्षार्थीलाई पूर्ण शुल्किय खुला कोटामा प्रतिस्पर्धा गराइने छैन ।

ग) प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रममा १५% पुरुष प्रशिक्षार्थीहरुको लागि अध्ययनमा समावेश गराउने व्यवस्था गरिएको छ ।

**३. पूर्ण शुल्किय प्राविधिक एस.एल.सी. (प्रि-डिप्लोमा) कोटा**

क) परिषद्का प्रत्येक आंगिक, सामुदायिक, साझेदारी र निजी स्तरमा संचालित शिक्षण संस्थामा प्रमाणपत्र तह मेडिकल ल्याब टेक्नोलोजी कार्यक्रममा ५० प्रतिशत र सो बाहेक अन्य शैक्षिक कार्यक्रममा परिषद् वा त्रिभुवन विश्वविद्यालयद्वारा संचालित प्राविधिक एस. एल. सी. (प्रि-डिप्लोमा) उतीर्ण परीक्षार्थीहरुका लागि १० प्रतिशत कोटा निर्धारण गरीएको छ । सि.एम.ए कार्यक्रम उत्तीर्णहरुले डिप्लोमा इन फार्मेसी कार्यक्रममा अध्ययन गर्न चाहेमा उक्त कार्यक्रममा १० प्रतिशत प्राविधिक एस.एल.सी (प्रि-डिप्लोमा) कोटा छुट्याइएको छ ।

ख) यसरी निर्धारण गरिएको कोटामा परीक्षार्थी छनौट गर्दा सोही समूह बीच प्रतिष्पर्धा गराई छनौट गरिनेछ ।

**४. पूर्ण शुल्कीय खुला कोटा**

क) छात्रवृत्ति, लक्षित बर्ग र प्राविधिक एस. एल. सी. (प्रि-डिप्लोमा) कोटा बाहेकका रिक्त सिट यस कोटा अन्तर्गत पर्नेछन् । यस कोटामा जो सुकैले आवेदन फाराम भर्न पाउनेछन् ।

**५. जेहेन्दार छात्रवृत्ति**

प्रत्येक शिक्षण संस्थामा परीक्षार्थी भर्नाका लागि आवेदन फाराम भरेका पूर्ण शुल्किय लक्षित वर्ग कोटा र पूर्ण शुल्किय खुला कोटाबाट छनौट भएका परीक्षार्थीहरु मध्ये उच्चतम अंक प्राप्त गर्ने एक जनालाई जेहेन्दार छात्रवृत्ति प्रदान गरिनेछ । यसरी प्रदान गरीने छात्रवृत्ति पहिलो वर्ष वा सेमेष्टरका लागि मात्र लागु हुनेछ । दोस्रो वर्ष वा सेमेष्टरका लागि अघिल्लो बर्ष वा सेमेष्टरमा उच्चतम अंक प्राप्त गर्ने परीक्षार्थीलाई प्रदान गरीनेछ । यसरी छात्रवृत्ति पाउने विद्यार्थीसँग संस्थाले खाने बस्ने बाहेक अन्य कुनै पनि शुल्क लिन पाउने छैन ।

**६. आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

क) स्पष्ट मुखाकृती देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35mmx45mm) को दुई प्रति रंगीन फोटो । (फोटोको पछाडी नामथर र अध्ययन गर्न चाहेको कार्यक्रम स्पष्टसंग लेखिएको हुनुपर्नेछ)

ख) एस.एल.सी. वा प्राविधिक एस.एल.सी वा एस.ई.ई. वा सो सरहको शैक्षिक योग्यताको लब्धांकपत्र र प्रमाण पत्रको प्रतिलिपी ।

ग) नेपाल बाहेक अन्य मुलुकबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेको निकायद्वारा समकक्षता निर्धारण गरिएको पत्रको प्रतिलिपी ।

घ) पूर्ण शुल्किय लक्षित वर्ग कोटामा समावेश हुने परीक्षार्थीहरुले भर्ना सम्बन्धी निर्देशिका-२०७४ (तेश्रो संशोधन) को बुंदा नं. ८ मा तोकिएको आफूपर्ने लक्षित वर्ग खुल्ने कागजातहरुको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

***आवेदन फाराम बुभ्दा, बुझाउंदा स्वास्थ्य सम्बन्धी मापदण्ड अनिवार्य अपनाउनु पर्नेछ । जसको लागि सम्बन्धित शिक्षण संस्थाहरुले बिद्युतिय माध्यमको प्रयोग गर्नुपर्नेछ ।***

**७. छनौट प्रकृया सम्बन्धी जानकारी**

विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को प्रभावका कारण धेरै संख्यामा विद्यार्थीहरु एकै ठाउमा उपस्थित भै प्रवेश परीक्षा लगायतका कार्यक्रम संचालन गर्न परिस्थिति अनुकुल नदेखिएकोले शैक्षिक सत्र २०७७।०७८ को लागि मात्र पूर्ण शुल्किय तर्फको विद्यार्थी छनौट प्रकृया निम्नानुसार कायम गरिएको छ । आवेदन फाराम संकलन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य सम्वन्धी मापदण्ड अनिवार्य अपनाउनु पर्नेछ । जसको लागि शिक्षण संस्थाहरुले बिद्युतीय माध्यमको प्रयोग गर्नुपर्नेछ ।

क) सूचनामा तोकिए अनुसार न्यूनतम योग्यता पुगेका आवेदकहरुबाट सम्बन्धित शिक्षालयले आवेदन फाराम संकलन गर्ने ।

ख) सम्बन्धित शिक्षालयले सूचनामा तोकिएको अवधि भित्र आवेदन फारामहरुलाई परिषद्, प.नि.का बाट उपलब्ध गराइएको Web Based Online Intergrated Training Management System (ITMS) मा इन्ट्री गर्ने । अनलाइन इन्ट्री गरेका फाराम परीक्षा नियन्त्रण कार्यालयबाट स्वीकृत भएपछि परीक्षार्थीको भर्ना अनुमती नम्बर कायम गरिनेछ र अनुमती नम्बर कायम भएका परीक्षार्थीहरुलाई मात्र योग्यताक्रमको सूचीमा समावेश गरिनेछ ।

ग) प्रत्येक शिक्षालयमा देहाय बमोजिमको नतिजा तयारी उप समिति गठन गर्ने ।

अ) सम्बन्धित शिक्षालयका प्राचार्य -संयोजक

आ) सम्बन्धित पालिकाको शिक्षा हेर्ने कर्मचारी वा पालिकाले तोकेको कर्मचारी प्रतिनिधि -सदस्य

इ) सम्बन्धित शिक्षालय संचालक समितिले तोकेको प्रशिक्षक वा कर्मचारी -सदस्य सचिव

घ) उप समितिले तोकिएको मिति भित्र आवेदन फाराम भरी अनलाइन आवेदन फाराम इन्ट्री भएका परीक्षार्थीहरु मध्येबाट प्रवेशिका परीक्षा वा एस.ई.ई. मा प्राप्त गरेको प्राप्ताङ्क अनुसार उच्चतम अङ्क अनुसार योग्यताक्रम निर्धारण गरी भर्ना अनुमती नम्बर सहितको मुख्य उम्मेदवार, वैकल्पिक उम्मेदवार र उतिर्ण सूची तयार गर्ने । यसरी सूची तयार गर्दा प्राप्ताङ्क बराबर भएमा निम्नानुसार कायम गर्ने ।

अ) प्रवेशिका परीक्षा वा एस.ई.ई. को प्राप्ताङ्क बराबर भएमा अनिवार्य गणितको उच्चतम अङ्क/ग्रेड/ग्रेडप्वाइण्ट प्राप्त गर्नेलाई पहिलो प्राथमिकतामा राख्ने ।

आ) अनिवार्य गणितको उच्चतम अङ्क पनि बराबर भएमा क्रमशः अनिवार्य विज्ञान, अनिवार्य अंग्रेजीमा प्राप्त गरेको उच्चतम अङ्क/ग्रेड/ग्रेडप्वाइण्टको आधारमा योग्यता सूची निर्धारण गर्ने ।

इ) माथी बुंदा (अ) र (आ) अनुसार पनि अङ्क बराबर भएमा क्रमशः सामुदायिक बिद्यालयमा अध्ययन् गरेको, एकल महिला, महिला, दलित, आदिवासी/जनजाती, मुस्लिम, मधेसी, पिछडिएको दुर्गम क्षेत्रको आधारमा योग्यताक्रम सूची तयार गर्ने ।

ङ) सम्बन्धित शिक्षालयले कार्यक्रम अनुसारको नतिजा योग्यताक्रम बमोजिम तयार गरी आवेदन फारामको समष्टिगत सहित सम्बन्धित परिषद्, प्रदेश कार्यालयलाई गोप्य रुपमा सहीछाप गरी सिफारिश गर्ने ।

च) सम्बन्धित शिक्षालयले तयार गरी प्राप्त भएको नतिजा प्रकाशनका लागि आएको नतिजा सम्बन्धित परिषद्, प्रदेश कार्यालयले रुजु गरी नतिजा प्रकाशन गरी आफ्नो वेभसाइट र परिषदको वेभसाइटमा राख्ने ।

छ) ***तोकिएको समय भित्र अनलाइन आवेदन फाराम नभरेका परीक्षार्थीहरु भर्ना गर्न पाइनेछैन । यदि तोकिएको समय भित्र अनलाइन आवेदन फाराम नभरेका परीक्षार्थीहरु भर्ना गरेमा त्यस्ता विद्यार्थीको रजिष्ट्रेशन गरिने छैन र सो को सम्पूर्ण जिम्मेवारी सम्बन्धित शिक्षालयका प्राचार्यको हुनेछ ।***

**८. शैक्षिक सत्र २०७७/७८ मा भर्नाका लागि परिषदका आंगिक, साझेदार TECS तथा निजी स्तरमा कार्यक्रम संचालन सम्बन्धन/स्वीकृती पाएका शिक्षण संस्थाको विवरण:**

**प्रदेश नं १ अन्तर्गतका डिप्लोमा तथा प्रमाणपत्र तहका आंगिक शिक्षण संस्थाहरु :**

| क्र.सं | शिक्षण संस्थाको नाम, ठेगाना | डिप्लोमा/प्रमाणपत्र तहको स्वीकृत कार्यक्रम | स्वीकृत कोटा |
|---|---|---|---|
| १. | उत्तरपानी प्राविधिक शिक्षालय, धनकुटा | कृषि (बाली विज्ञान)), कृषि (पशु विज्ञान) | ४०/४० |
| २. | रत्न कुमार बान्तवा पोलिटेक्निक इन्स्टिच्युट, इलाम | कृषि (पशु विज्ञान), कृषि (बाली विज्ञान), होटल म्यानेजमेण्ट, फरेष्ट्रि | ४०/४०/४०/४० |
| ३. | सुम्निमा पोलिटेक्निक इन्स्टिच्युट भोजपुर | कृषि (बाली विज्ञान), सिभिल इन्जिनियरिङ्ग | ४०/४८ |
| ४. | श्रीराम मिथिला पोलिटेक्निक इन्स्टिच्यूट, आमबोटे, भोजपुर | कृषि (बाली विज्ञान) | ४० |
| ५. | तेन्हथुम बहुप्राविधिक शिक्षालय, तेन्हथुम | कृषि (बाली विज्ञान) | ४० |
| ६. | महुरेगढी बहुप्राविधिक शिक्षालय, खोटाङ्ग | फरेष्ट्री, कृषि (बाली विज्ञान) | ४०/४० |
| ७. | दमक पोलिटेक्निक इन्स्टिच्यूट, दमक, झापा | सिभिल इन्जिनियरिङ्ग | ४८ |

| | | | |
|---|---|---|---|
| ५६. | श्री बरुणदेवी मा.वि, कमलामाई न.पा, खटार, सिन्धुली | कृषि (पशु विज्ञान) | ४० |
| ५७. | श्री जन ज्योति मा.वि, कमलामाई न.पा, फोस्रेटार, सिन्धुली | कृषि (बाली विज्ञान) | ४० |
| ५८. | श्री जनज्योति मा. वि, गोलान्जोर गा.पा. वडा नं. ७, सिन्धुली | सिभिल इन्जिनियरिङ्ग | ४८ |
| ५९. | श्री कमला जनज्योति मा वि, कमलामाई न पा ५, सिन्धुली | फरेष्ट्रि | ४० |
| ६०. | श्री कमला मा.वि, कमलामाई न.पा ४, सिन्धुली | कृषि (बाली विज्ञान) | ४० |
| ६१. | श्री माध्यमिक विद्यालय, तिनपाटन गा पा ११, सिन्धुली | कृषि (बाली विज्ञान), सिभिल इन्जिनियरिङ्ग | ४०/४८ |
| ६२. | श्री माध्यमिक विद्यालय, कमलामाई न.पा. ७, सिन्धुली | जियोमेटिक्स इन्जिनियरिङ | ४८ |
| ६३. | श्री सुनकोशी मा. वि, फिक्कल गा. पा. वडा नं. ४, सिन्धुली | कृषि (बाली विज्ञान) | ४० |
| ६४. | श्री आनन्द मा.वि, बलेफी गा.पा, जलविरे, सिन्धुपाल्चोक | सिभिल इन्जिनियरिङ्ग | ४८ |
| ६५. | श्री जाल्पादेवी मा वि, मेलम्ची न.पा. १२, सिन्धुपाल्चोक | कृषि (बाली विज्ञान) | ४० |

**बागमती प्रदेशमा निजी स्तरमा संचालित शिक्षण संस्थाहरु :**

| क्र.सं. | शिक्षण संस्थाको नाम | डिप्लोमा/प्रमाणपत्र तहको स्वीकृत कार्यक्रम | स्वीकृत कोटा |
|---|---|---|---|
| १. | नारायणी मेडिकल एण्ड टेक्नोलोजी, हेटौंडा, मकवानपुर | नर्सिङ्ग | ४० |
| २. | मकवानपुर टेक्निकल इन्स्टिच्युट, हेटौंडा, मकवानपुर | सामान्य चिकित्सा | ४० |
| ३. | इन्स्टिच्युट अफ मेडिकल टेक्नोलोजी, भरतपुर, चितवन | नर्सिङ्ग | ४० |
| ४. | बाल कुमारी कलेज, नारायणघाट, चितवन | नर्सिङ्ग | ४० |
| ५. | कलेज अफ मेडिकल साइन्स, भरतपुर, चितवन | नर्सिङ्ग, सामान्य चिकित्सा, मेडिकल ल्याव टेक्नोलोजी, डेन्टल साइन्स, रेडियोग्राफी | ४०/४०/३०/४० /३० |
| ६. | ओएसिस मेडिकल कलेज, भरतपुर, चितवन, | नर्सिङ्ग | ४० |
| ७. | नारायणी सामुदायिक हस्पिटल, भरतपुर, चितवन | नर्सिङ्ग, सामान्य चिकित्सा, मेडिकल ल्याव टेक्नोलोजी | ४०/४०/३० |
| ८. | नेपाल पोलिटेक्निक इन्स्टिच्युट, भरतपुर, चितवन | सिभिल इन्जिनियरिङ्ग, कृषि (बाली विज्ञान), इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियरीङ्ग, इलेक्ट्रिकल इन्जिनियरीङ्ग, कम्प्युटर इन्जिनियरीङ्ग, सामान्य चिकित्सा, मेडिकल ल्याव टेक्नोलोजी, कृषि (पशु विज्ञान) | ४८/४०/४८/४८/ ४८/४०/३०/४० |
| ९. | श्री मेडिकल एण्ड टेक्निकल कलेज, भरतपुर, चितवन | मेडिकल ल्याव टेक्नोलोजी, नर्सिङ्ग | ३०/४० |
| १०. | मैयादेवी कन्या कलेज, भरतपुर, चितवन | नर्सिङ्ग | ४० |
| ११. | मौलाकालिका हेल्थ साइन्स कलेज प्रा.लि., भरतपुर, चितवन | नर्सिङ्ग | ४० |
| १२. | बोष्टन एकेडेमी फर मेडिकल साइन्सेस, भरतपुर, चितवन | नर्सिङ्ग | ४० |
| १३. | आशा अस्पताल प्रा.लि., भरतपुर, चितवन | नर्सिङ्ग | ४० |
| १४. | चितवन मेडिकल कलेज, भरतपुर, चितवन | मेडिकल ल्याव टेक्नोलोजी, रेडियोग्राफी, फार्मेसी, डेन्टल साइन्स | ३०/३०/४०/४० |
| १५. | सगरमाथा टेक्निकल कलेज, भरतपुर, चितवन | फार्मेसी | ४० |
| १६. | सुष्मा कोइराला मेमोरियल नर्सिङ्ग क्याम्पस, काठमाण्डौं | नर्सिङ्ग | ४० |
| १७. | होलीभिजन टेक्निकल क्याम्पस, काठमाण्डौं | नर्सिङ्ग, सामान्य चिकित्सा, फार्मेसी | ४०/४०/४० |
| १८. | कान्तिपुर कलेज अफ मेडिकल साइन्स, सितापाइला, काठमाण्डौं | फार्मेसी, सामान्य चिकित्सा, मेडिकल ल्याव टेक्नोलोजी | ४०/४०/३० |
| १९. | एक्मी कलेज अफ इन्जिनियरीङ्ग, काठमाण्डौं | सिभिल इन्जिनियरीङ्ग, कम्प्युटर इन्जिनियरीङ्ग, इलेक्ट्रिकल एण्ड इलेक्टोनिक्स इन्जिनियरीङ्ग | ४८/४८/४८ |
| २०. | नेपाल इन्स्टिच्युट अफ हेल्थ साइन्स प्रा.लि. बौद्ध, काठमाण्डौं | फार्मेसी, नर्सिङ्ग, सामान्य चिकित्सा, मेडिकल ल्याव टेक्नोलोजी | ४०/४०/४०/३० |
| २१. | गुणराज पाठक मेमोरियल नर्सिङ्ग क्याम्पस, वालुवाटार, काठमाण्डौं | नर्सिङ्ग | ४० |
| २२. | मनमोहन मेमोरियल इन्स्टिच्युट अफ हेल्थ साइन्स, काठमाण्डौं | मेडिकल ल्याव टेक्नोलोजी, नर्सिङ्ग, सामान्य चिकित्सा, फार्मेसी, रेडियोग्राफी | ३०/४०/४०/४० /३० |
| २३. | विनायक कलेज अफ हेल्थ साइन्स, काठमाण्डौं | मेडिकल ल्याव टेक्नोलोजी, नर्सिङ्ग, सामान्य चिकित्सा, फार्मेसी | ३०/४०/४०/४० |
| २४. | कान्तिपुर एकेडेमी अफ हेल्थ साइन्स, तिनकुने, काठमाण्डौं | मेडिकल ल्याव टेक्नोलोजी, नर्सिङ्ग, रेडियोग्राफी | ३०/२०/३० |
| २५. | एशियन इन्जिनियरीङ्ग कलेज, ललितपुर | आर्किटेक्चर इन्जिनियरीङ्ग, सिभिल इन्जिनियरीङ्ग | ४८/४८ |
| २६. | नेशनल हेल्थ फाउण्डेशन, कोटेश्वर, काठमाण्डौं | सामान्य चिकित्सा | ४० |
| २७. | काठमाण्डौं इन्स्टिच्युट अफ टेक्नोलोजी, काठमाण्डौं | सिभिल इन्जिनियरीङ्ग, इलेक्ट्रिकल इन्जिनियरीङ्ग, कम्प्युटर इन्जिनियरीङ्ग, आर्कीटेक्चर इन्जिनियरीङ्ग, इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियरीङ्ग | ४८/४८/४८/४८ /४८ |
| २८. | स्कुल अफ मेडिकल साइन्सेस प्रा.लि., काठमाण्डौं | मेडिकल ल्याव टेक्नोलोजी, फार्मेसी | ३०/४० |
| २९. | यती हेल्थ साइन्स एकेडेमी, काठमाण्डौं | मेडिकल ल्याव टेक्नोलोजी, रेडियोग्राफी | ३०/३० |
| ३०. | काठमाण्डौं स्वास्थ्य प्राविधिक शिक्षालय, रातोपुल, काठमाण्डौं | मेडिकल ल्याव टेक्नोलोजी, रेडियोग्राफी | ३०/३० |
| ३१. | शि-गन हेल्थ फाउण्डेशन, काठमाण्डौं | मेडिकल ल्याव टेक्नोलोजी | ३० |
| ३२. | शंकरापुर एकेडेमी, काठमाण्डौं | नर्सिङ्ग, सामान्य चिकित्सा, मेडिकल ल्याव टेक्नोलोजी, | ४०/४०/३० |
| ३३. | कान्तिपुर कलेज अफ टेकिनकल साइन्स, काठमाण्डौं | सिभिल इन्जिनियरीङ्ग | ४८ |
| ३४. | वि.पि. मेमोरियल हेल्थ इन्स्टिच्युट एण्ड रिचर्स सेन्टर, काठमाण्डौं | नर्सिङ्ग, सामान्य चिकित्सा | ४०/४० |
| ३५. | नर्भिक इन्स्टिच्युट अफ नर्सिङ्ग एजुकेशन प्रा.लि., काठमाण्डौं | नर्सिङ्ग | ४० |
| ३६. | ओम समाज नर्सिङ्ग कलेज, काठमाण्डौं | नर्सिङ्ग, सामान्य चिकित्सा | ४०/४० |
| ३७. | लर्डबुद्ध कलेज, (एमिटी ग्लोबल एजुकेशन प्रा.ली.) गोंगबु, काठमाण्डौ | फरेष्ट्रि, सामान्य चिकित्सा, फार्मेसी | ४०/४०/४० |
| ३८. | काठमाण्डौं फरेष्ट्रि कलेज, कोटेश्वर, काठमाण्डौं | फरेष्ट्रि | ४० |
| ३९. | कुमारी इन्जिनियरीङ्ग कलेज, काठमाण्डौं | सिभिल इन्जिनियरीङ्ग | ४८ |
| ४०. | कलेज अफ एप्लाइड फुड एण्ड डेरी टेक्नोलोजी, काठमाण्डौं | फुड एण्ड डेरी टेक्नोलोजी | ४० |
| ४१. | काठमाण्डौं नर्सिङ्ग क्याम्पस, बसुन्धरा, काठमाण्डौं | नर्सिङ्ग | ४० |
| ४२. | लिटिल बुद्ध कलेज अफ हेल्थ साइन्स, मिनभवन, काठमाण्डौं | फार्मेसी | ४० |

| | | | |
|---|---|---|---|
| ७. | भागेश्वर एकेडेमी फर हेल्थ साइन्स, धनगढी, कैलाली | सामान्य चिकित्सा, फार्मेसी | ४०/४० |
| ८. | फारवेष्ट स्कुल अफ मेडिसिन महेन्द्रनगर, कञ्चनपुर | सामान्य चिकित्सा, फार्मेसी, मेडिकल ल्याब टेक्नोलोजी | ४०/४०/३० |
| ९. | सेती महाकाली नर्सिङ्ग क्याम्पस, महेन्द्रनगर, कञ्चनपुर | नर्सिङ्ग | ४० |
| १०. | बैजनाथ इन्जिनियरिङ्ग कलेज महेन्द्रनगर, कंचनपुर | सिभिल इन्जिनियरिङ्ग | ४८ |
| ११. | सुजुङ्ग अस्पताल, सुजुङ्ग हेल्थ टेक्निकल एकेडेमी, राजपुर, दिपायल, डोटी | नर्सिङ्ग | २० |

८.१. सम्बन्धित शिक्षण संस्थाहरुले उल्लेखित शैक्षिक कार्यक्रमका लागि तोकिएको कोटा मध्ये छात्रवृत्तिको लागि तोकिएको कोटा बाहेकका सिटहरुमा मात्र विद्यार्थी भर्ना गर्नुपर्ने छ। उल्लेखित कोटा भन्दा बढी विद्यार्थी भर्ना गरेको पाइएमा परिषद्मा रजिष्ट्रेशन नहुने भएकोले सम्बन्धित शिक्षण संस्था, विद्यार्थी एवं अभिभावकहरुलाई यसै सूचनाद्वारा सूचित गरिन्छ। स्वीकृत कोटा भन्दा बढी विद्यार्थी भर्ना गर्ने शिक्षण संस्थाहरुलाई कानून बमोजिम कारवाही भई जाने व्यहोरा समेत सूचित गराइन्छ।

**९. आवेदन फाराम भर्ने तथा बुझाउने सम्बन्धी विवरण :**

१. भर्ना प्रकृया शुल्क : परिषद् कार्यालयलाई बुझाउनु पर्ने रु.८००।- (रु.आठ सय मात्र)
कुनै पनि शिक्षण संस्थाले तोकिएको शुल्क भन्दा बढी शुल्क लिन पाउने छैन। यदि लिएको प्रमाणित भएमा प्रति परीक्षार्थी रु.१०,०००।- (दस हजार मात्र) का दरले सम्बन्धित परीक्षार्थीलाई हर्जना तिर्नुपर्नेछ। हर्जना बापतको रकम नतिरेमा प्रचलित कानुन बमोजिम हुनेछ।

२. फाराम बितरण मिति : २०७७ भाद्र २६ गते शुक्रवार देखि।

३. फाराम बुझाउने अन्तिम मिति : **२०७७ आश्विन १५ गते बिहीवार सम्म।**

४. फाराम पाइने र बुझाउने स्थान : आवेदन फाराम परिषद्को वेभसाइट www.ctevt.org.np बाट डाउनलोड गरी भर्नुपर्नेछ। माथि उल्लेखित अध्ययन गर्न चाहेको शिक्षण संस्थामा रितपूर्वक फाराम भरी बुझाउनु पर्नेछ। ***आवेदन फाराम बुझ्दा, बुझाउदा स्वास्थ्य सम्बन्धी मापदण्ड अनिवार्य अपनाउनु पर्नेछ। जसको लागि सम्बन्धित शिक्षण संस्थाहरुले बिद्युतिय माध्यमको प्रयोग गर्नु पर्नेछ।***

५.आवेदन फाराम स्वीकृत गर्दा फाराम साथ संलग्न फोटोमा सम्बन्धित परीक्षार्थीले गरेको दस्तखत रुजु गरी सम्बन्धित शिक्षण संस्था/तालीम केन्द्र/कलेजको प्राचार्यले फाराममा दस्तखत गरी संस्थाको छाप लगाई स्वीकृत गर्नु पर्नेछ। फारामसाथ पेश गर्नुपर्ने आवश्यक प्रमाण, कागजातहरु परीक्षार्थी स्वयमले प्रमाणित गरी सूची बनाई पेस गर्नुपर्नेछ। उक्त फाराम र फाराम साथ संलग्न कागजातहरु ठिक भए नभएको रुजु गरी स्वीकृत एवं प्रमाणित गर्ने र फाराम साथ संलग्न कागजातहरुको सूची प्रमाणित गरी परीक्षार्थीलाई उपलब्ध गराउने जिम्मेवारी सम्बन्धित शिक्षण संस्थाको प्राचार्य/प्रमुख वा निजले तोकेको अधिकृत कर्मचारीको हुनेछ। पेश हुन आएको विवरण फरक पर्न गएमा सोको जिम्मेवार सम्बन्धित शिक्षण संस्थाका प्राचार्य/प्रमुख हुनु पर्नेछ।

६. परीक्षार्थीले भरेका आवेदन फारामहरु सम्बन्धित **शिक्षण संस्थाहरुले २०७७ आश्विन १७ गते राती १२:०० बजे भित्र** परिषद्, प.नि.का बाट उपलब्ध गराइएको Web Based Online Intergrated Training Management System (ITMS) मा Submit गरी सक्नुपर्नेछ। परीक्षार्थीले भरेको आवेदन फाराम सम्बन्धित शिक्षण संस्थाले तोकिएको मिति भित्र Online ITMS मा Submit नभएमा सो आवेदन फाराम स्वीकृत हुने छैन र त्यस्ता परीक्षार्थीलाई योग्यताक्रमको सूचीमा समावेस गरिने छैन। सो को जिम्मेवार सम्बन्धित शिक्षण संस्था हुनेछ।

७. सम्बन्धित शिक्षण संस्थाहरुले भर्ना सम्बन्धी निर्देशिका २०७४ (तेश्रो संसोधन) अनुसार आवेदन फाराम भर्ने अन्तिम मिति देखि बढीमा ७ दिन भित्र नतिजा तयार गरी सम्बन्धित परिषद्, प्रदेश कार्यालयमा बुझाउनु पर्नेछ। सो नतिजाको साथमा प्रमाणित समष्टिगत फाराम र तोकिए अनुसारको शुल्क बापतको रकम परिषद्का प्रदेश कार्यालयको बैंक खातामा जम्मा गरेको सक्कल भौचर समेत बुझाउनु पर्नेछ।

८. परिषद्, प्रदेश कार्यालयहरुले तयारी नतिजा रुजु गरी प्रमाणित गर्नुपर्नेछ। प्रदेश कार्यालयहरुले प्रमाणित नतिजा प्रदेश कार्यालयको वेभसाइटमा प्रकाशन गर्नुका साथै प्रमाणित समष्टिगत फाराम तथा नतिजा परीक्षा नियन्त्रण कार्यालयमा समेत सोही दिन पठाउनु पर्नेछ।

९. भर्ना प्रकृयामा सहभागी हुने प्रत्येक शिक्षण संस्थाले निम्नानुसारको शुल्क एकमुष्ठ रुपमा परिषद्का सम्बन्धित प्रदेश कार्यालयमा बुझाउनु पर्नेछ।
(क) प्रति परीक्षार्थी भर्ना प्रकृया दस्तुर रु. ८००।- का दरले हुन आउने एकमुष्ठ रकम
(ख) प्रति कार्यक्रम रु. ५,०००।- का दरले सूचना प्रकाशन शुल्क।
(ग) एकै शिक्षण संस्थामा एक भन्दा बढी कार्यक्रम संचालन भएको खण्डमा प्रति कार्यक्रम थप रु.३,०००।- का दरले हुन आउने थप रकम।

१०. **शुल्क बापतको रकम मिति २०७७ आश्विन १६ गते कार्यालय समय भित्र** दाखिला गर्ने परिषद्का प्रदेश कार्यालयहरुको बैंक खाता बिवरण यस प्रकार रहेको छ।
(क) प्रा. शि. व्या. ता. परिषद्, १ नं. प्रदेश कार्यालय, इटहरी, सुनसरीः रा. बा. बैङ्क, इटहरी शाखा, च. हि. नं. २५५०१००००१२७८००१,
(ख) प्रा. शि. व्या. ता. परिषद्, २ नं. प्रदेश कार्यालय, जनकपुर, धनुषाः रा. बा. बैङ्क, जनकपुर शाखा, च. हि. नं. १५२०००२६३९०१,
(ग) प्रा. शि. व्या. ता. परिषद्, बाग्मती प्रदेश कार्यालय, मकवानपुर, हेटौडाः रा. बा. बैङ्क, हेटौंडा शाखा, च. हि. नं. १३००१००००३६६९००१,
(घ) प्रा. शि. व्या. ता. परिषद्, गण्डकी प्रदेश कार्यालय, पोखरा, कास्कीः रा. बा. बैङ्क, पार्दी, पोखरा शाखा, च. हि. नं. ३५००१००००००२३४००१,
(ङ) प्रा. शि. व्या. ता. परिषद्, ५ नं. प्रदेश कार्यालय, बुटवल, रुपन्देहीः रा. बा. बैङ्क, बुटवल शाखा, च. हि. नं. ३३६०१००००००३६१००१,
(च) प्रा. शि. व्या. ता. परिषद्, कर्णाली प्रदेश कार्यालय, बिरेन्द्रनगर, सुर्खेतः रा. बा. बैङ्क, सुर्खेत शाखा, च. हि. नं. ४०८०१०००१५५२८००१,
(छ) प्रा. शि. व्या. ता. परिषद्, सुदुर पश्चिम प्रदेश कार्यालय, धनगढी, कैलालीः रा. बा. बैङ्क, धनगढी शाखा, च. हि. नं. ४१७०१००००६५०८००१

**नोटः** भौचरको पछाडी बुझाउने शिक्षण संस्थाको नाम, ठेगाना र रकम जम्मा गर्नुको प्रयोजन उल्लेख गर्नु पर्नेछ।

११. यस भर्ना प्रकृया बमोजिम जुनसुकै शैक्षिक कार्यक्रम अध्ययनका लागि भर्ना हुने परीक्षार्थीले परिषद् प.नि.का. परीक्षा सम्बन्धी विनियमावली २०७१ को परिच्छेद १ को विनियम ३ को बुंदा नं. (४) अनुसार अन्तिम वर्ष र अन्तिम बर्षको अन्तिम सेमेस्टरमा सैद्धान्तिक वा प्रयोगात्मक एक विषय मात्र अनुत्तीर्ण भएमा एक पटकका लागि मात्र मौका परीक्षामा सामेल हुन पाउनेछ।

१२. यस भर्ना प्रकृया बमोजिम जुनसुकै शैक्षिक कार्यक्रम अध्ययनका लागि भर्ना हुने परीक्षार्थीहरु परिषद् प.नि.का. परीक्षा सम्बन्धी विनियमावली-२०७१ को परिच्छेद्व ४ को विनियम २१ अनुसार शैक्षिक सत्रको बार्षिक तथा सेमेष्टर परीक्षामा अनुत्तीर्ण भएमा शैक्षिक सत्रको अन्तिम परीक्षा भएको मितिले ३ वर्ष सम्म मात्र पुनः परीक्षामा सामेल हुन पाउनेछन्। निजहरुको छुट्टै आंशिक परीक्षा संचालन हुने छैन। निजहरुको आंशिक परीक्षा बार्षिक तथा सेमेष्टर प्रणालीको नियमित परीक्षाको समयमा संचालन गरिनेछ।

१३. यस बमोजिम अध्ययनका लागि भर्ना भएका विद्यार्थीहरु छात्रावासमा वस्ने वा नवस्ने निजहरुको स्वइच्छा भएको हुंदा कुनै पनि शिक्षण संस्थाहरुले छात्राबास बस्न अनिवार्य नगर्न हुन यसै सूचनाद्धारा जानकारी गराईन्छ।

१४. शैक्षिक सत्र २०७७/०७८ मा भर्ना भएका बिद्यार्थीहरुलाई परिषद् कार्यालयद्वारा निम्न शैक्षिक कार्यक्रममा देहाय वमोजिम शुल्क निर्धारण गरिएको हुंदा सोही बमोजिम किस्ताबन्दीका रुपमा शुल्क कारोवार गर्नु गराउनु हुन सम्बन्धित सवै शिक्षण संस्थाहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। उल्लेख गरिएको शुल्कको अलावा अन्य कुनै प्रकारका (खाना र बस्न बाहेक) शुल्क लिन पाईने छैन यदि लिएमा त्यस्ता शिक्षण संस्थाहरुलाई परिषद्को ऐन, नियम तथा विनियम अनुसार कार्वाही गरिने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपशिलः

| सि.नं. | कार्यक्रम | जम्मा शुल्क | प्रथम वर्षको किस्ता | दोस्रो वर्षको किस्ता | तेस्रो वर्षको किस्ता | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नर्सिङ्ग | ४,७५,०००। | ४० प्रतिशत | ३० प्रतिशत | ३० प्रतिशत | खाना र बस्न बाहेकको शुल्क |
| २ | सामान्य चिकित्सा | ४,०४,०००। | ४० प्रतिशत | ३० प्रतिशत | ३० प्रतिशत | |
| ३ | फार्मेसी | ३,३७,८००। | ४० प्रतिशत | ३० प्रतिशत | ३० प्रतिशत | |

नोटः शुल्क निर्धारण समितिबाट शुल्क निर्धारण भई आए बमोजिम संशोधन हुन सक्नेछ । माथि उल्लेखित रकममा बिद्यार्थीको रजिष्ट्रेशन शुल्क एवं परीक्षा आवेदन शुल्क समेत समावेश गरिएको छ ।

१५. शैक्षिक सत्र २०७७/०७८ मा भर्ना भएका विद्यार्थीहरुको अध्यापन कार्य २०७७ मंसिर ७ गतेवाट प्रारम्भ हुने भएकोले सम्वन्धित शिक्षण संस्थाले सोही बमोजिम अध्यापन संचालन गर्नुहुन सूचित गरिन्छ ।

१६. भर्ना प्रकृयामा सहभागी हुने परीक्षार्थीहरुको संख्या एकीन गरेर मात्र तोकिए अनुसारको रकम बैंक दाखिला गर्नुहुन शिक्षण संस्थाहरुलाई जानकारी गराइन्छ । यदि बढी रकम दाखिला भएको खण्डमा फिर्ता तथा समायोजन नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

१७. बिद्यार्थीहरुसंग आर्थिक कारोवार गर्दा शिक्षण संस्थाहरुले अनिवार्य रुपमा बैंक मार्फत गर्नुपर्नेछ ।

१८. शैक्षिक शत्र २०७७/०७८ मा पहिलो पटक परिषद्वाट सम्वन्धन/स्वीकृत पाई कार्यक्रम संचालन गर्न आवेदन फाराम भराउने शिक्षणसंस्थाहरुले ITMS मा आवेदन फाराम भर्नका लागि कार्यालयको आधिकारीक पत्र ctevtoce.itms@gmail.com मा पठाई Username र Password प्राप्त गर्न सकिनेछ । उक्त पत्रमा प्राचार्यको नाम, मोबाइल नं र इमेल अनिवार्य उल्लेख गर्नुपर्नेछ ।

**नोटः** यस सूचनामा समावेश हुन नसकेका भर्ना सम्बन्धी प्रावधानहरु परिषद्को ऐन, नियम, विनियम तथा परिषद् प.नि.का. द्वारा जारी गरिएको “डिप्लोमा तथा प्रमाण-पत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७४ (तेश्रो संशोधन) बमोजिम हुनेछ । आवेदन फाराम भर्ने परीक्षार्थी, अभिभावक तथा कार्यक्रम संचालन गर्ने शिक्षण संस्थाहरुले उल्लेखित निर्देशिका परिषद्को वेभसाइट www.ctevt.org.np बाट डाउनलोड गरी अनिवार्य रुपमा अध्ययन गर्नु हुन सूचित एवं अनुरोध गरिन्छ । भर्ना प्रकृयामा सफल गराई अध्ययनको अवसर प्रदान गराइदिन्छु भनी झुट्टा आश्वासन तथा भ्रम पैदा गराई कोही कसैले अनुचित प्रभाव पार्न चाहेमा त्यसप्रति पूर्ण सचेत रहन सम्वन्धित बिद्यार्थी, अभिभावक र सरोकारवालाहरुमा हार्दिक अनुरोध गरिन्छ । साथै अन्य जानकारी आवश्यक परेमा आफुले अध्ययन गर्न चाहेको सम्बन्धित शिक्षण संस्था वा परिषद्का प्रदेश कार्यालयहरुमा र परिषद्को परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ ।

**परीक्षा नियन्त्रक**